# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झुम्का, सुनसरी

प्रदेश नं. १

अनुसुचि २

(दफा ४को उपदफा (५) संग सम्बन्धित)

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आब्हान सम्बन्धि ३० दिने सुचना

प्रथम पटक प्रकाशित मिति : २०७७।०८।८

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) र यस नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा को व्यवस्था बमोजिम यस रामधुनी नगरपालिकाको सेउती खोलाको स्वीकृत घाटहरूवाट निर्धारित मापदण्ड वमोजिम नदीजन्य पदार्थ उत्खनन गरी रामधुनी नगरपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरी ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नविकरण भएको प्रमाणपत्र मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. ०७६/०७७ को कर चुक्ता प्रमाणपत्र र नेपालि नागरिक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरि तपसिल वमोजिमको शर्तको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागि हुन सम्बन्धित सवैको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | सुचना नं./बोलपत्र .नं. | बेलपत्रको नाम | उत्खनन परिमाण (घन फिटमा) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|
| | ०१/०७७/०७८ | सेउती खोलाको नदि जन्य पदार्थको उत्खनन बिक्रि वितरण । | १५८९४०० पन्ध्र लाख उनानब्बे हजार चार सय क्यु फिट | रू. ६३,५७,६००।०० त्रिसठी लाख सन्तावन्न हजार छ सय मात्र । | कबोल अंकको ५ (पाँच) प्रतिशत मु.अ. कर सहित | रू.३०००।- (तिन हजार) |

**शर्तहरु :**

१. फर्मको हकमा नवीकरणभएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. ०७६ ०७७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपालि नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र फारम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा एन.आई.सि.एसिया बैक लिमिटेड शाखा झुम्कामा रहेको यस कार्यालयको राजश्व खाता नं. ग १-१ ०८९२०५००२७९०८००२ मा नगद जम्मा गरेको नगद वा भौचर साथ निवेदन पेश गरि यो सुचना प्रथम पटक प्रकासित भएको मितिले ३० औ दिनको कार्यालय सम : भत्र कार्यालय वाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । साथै बिधुतिय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्बजनिक खरिद अनुगमन कार्यालयको Website www.bolpatra.gov.np वाट बोलपत्र सम्बन्धि कागजातहरू डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएकोछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालय नगदी रसिल वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. ग १-१ ०८९२०५००२७९०८००२ मा जम्मा गरेको भौचरलाई बोलपत्र कागजात साथ संलग्न गर्नु पर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धि फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल अंकको मु.अ.क. सहित ५ (पाँच) प्रतिशतकोदरले हुन आउने धरौटी रकम यस कार्यालयको एन.आई.सि.एसिया बैंक लिमिटेड शाखा झुम्कामा रहेको ग ३ स्थानिय तह धरौटी खाता नं. ०८९२०५००२७९०८०१५ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा एन.आई.सि.एसिया बैंक लिमिटेड शाखा झुम्का बैंक वा नेपाल राष्ट्रबैंक बाट ईजाजत प्राप्त क बर्गाको बैंक वाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १५० दिनको म्याद सहित जारी गरिएको विड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी वोलपत्रको प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपराईटरको नाम, ठेगाना, फोन न., मोवाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक प्रकासित मितिले ३१ औ दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डकपसी वा विधुतीय प्रति दर्ता गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरेको बोलपत्र अर्को फर्म वा संस्थाका नाम बाट दाखिला गर्न पाइने छैन । रीतपुर्वक पर्न आएका बोलपत्र सम्वन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको १३ बजे देखि बिभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै वोपत्र दाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि-विड बैठक यो सुचना प्रकाशित मितिले २२ औ दिन दिनको २ बजे रामधुनी नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिइ यस सम्बन्धि विस्तृत जानकारी हासिल गर्न गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलीपल्ट सोहि समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धि फारममा उल्लेख गरिएको हुदाँ सोहि पुस्तिकावाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघि, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धि सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्वीकृत भएमा सोको सुचना भाएको वा घरदैलोमा टाँस भएको मितिले १५(पन्ध्र) दिन भित्रमा मु.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको एक मुष्ट रकम बुझाउनु पर्नेछ । एक मुष्ठ रकम बुझाई सम्झौता गर्न आएमा १० प्रतिशत रकम छुट दिईनेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम अफत यस कार्यालयमा बुझाउनु पर्ने छ । नियमानुसार नेपाल सरकालाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी जफत गरी नियमानुसार वोलपत्र वन्दोवस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सर्न्दभमा स्थानिय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानिय तह बाट जारी भएका कानुन, प्रदेश कानुन तथा प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालय बाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

नोट : विस्तृत जानकारीकोलागि यस कार्यालयको Website www.ramdhunimun.gov.np मा समेत हेर्न सकिनेछ ।

.................................